# सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा आयोजित राष्ट्रिय विचार गोष्ठी

कार्यक्रम सञ्चालन मिति : २०७९/०६/१२

काठमाडौं

**प्रतिवेदक :**

शाखा अधिकृत हरिहर कार्की

राष्ट्रिय सूचना आयोग

## परिचय

नागरिकले आफ्नो र सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने र पाउने संवैधानिक अधिकारको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउने पवित्र उद्देश्यले राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो । सूचनाको हकलाई नेपालको संविधानको धारा २७ मा मौलिक हकको रूपमा परिभाषित गरी यसको महत्वलाई स्पष्ट पारिएको छ । यो विषयलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले समेत आत्मसात् गरेको छ । संविधान र ऐनका यी भावनालाई योजनाबद्ध रूपले कार्यान्वयन गर्दै जानु हरेक सार्वजनिक निकायको कर्तव्य हो ।

नागरिकको सुसूचित हुने हकलाई संरक्षण, सम्बर्द्धन र प्रचलन गराउने मूल उद्देश्यका साथ सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ कार्यान्वयनमा रहेको छ। यो ऐनको दफा ११ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था गरेको छ ।

नागरिकलाई बलियो बनाए पारदर्शिता कायम हुने र पारदर्शिताले सामाजिक न्याय र विकासको प्रत्याभूति हुने तथा परिणाम स्वरुप राज्य बलियो हुने मान्यता स्वरुप सूचनाको अधिकार विश्वव्यापी रुपमा स्वीकार्य बन्दै गएको छ । खुल्ला पारदर्शी जिम्मेवार र जवाफदेही शासन व्यवस्था सञ्चालन गर्ने पर्ने मान्यता विश्वव्यापी रहेको छ जस अनुरुप संयुक्तराष्ट्र संघको ७४औं महासभाले १५ अक्टोबर २०१९ मा सेप्टेम्बर २८ लाई प्रत्येक बर्ष सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवसका रुपमा मनाउने गरि निर्णय गरेको छ । यसै सन्दर्भमा यस वर्ष Artificial Intelligence, e-governance & Access to information: Promotion of Right to information "कृत्रिम बौद्धिकता र विद्युतीय शासन : सूचनाको हकको प्रवर्द्धनसूचनाको हकको प्रचलन", सूचना



प्रविधिको प्रयोग विद्युतीय शासन र Artificial Intelligence को प्रयोग बढ्दै जाँदा यसबाट सूचनाको हकको प्रयोगमा प्राप्त हुने अवसरहरुको सदुपयोग र चुनौतीहरुको सामना गर्दै जान सकियोस भन्ने विषयमा केन्द्रित भई  मिति २०७९ असोज १२ गते होटल बसेरा,सिंहदरवारमा नेपाल दूरसञ्चार प्राधिकरण संगको सहकार्यमा राष्ट्रिय विचार गोष्ठी आयोजना गरिएको थियो भने कार्यक्रममा १४५ जनाको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रमलाई राष्ट्रिय सूचना आयोगका उप सचिव श्री सीता निरौला फुयालले सञ्चालन गर्नुभएको थियो । कार्यक्रमको  अध्यक्षता सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ्गले गर्नुभएको थियो । प्रमुख अतिथिको रुपमा सम्माननीय सभामुख अग्निप्रसाद सापकोटा रहनु भएको थियो । त्यसैगरी, कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त द्वय कमला ओली थापा र रत्नप्रसाद मैनालीले आसन ग्रहण गर्नु भएको थियो भने कार्यक्रममा आयोगका सचिव दिवस आचार्य, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव अनिल कुमार दत्त, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सहसचिव मनोज आचार्य, नेपाल दूरसञ्चार प्राधिकरणका निमित्त प्रमख अर्जुन घिमिरे, नेपाल पत्रकार महासंघका पूर्व सभापति तारानाथ दाहाल,सूचनाको हक सञ्जालको राष्ट्रिय महासंघका अध्यक्ष श्री उम्मिद वागचन रहनु भएको थियो त्यस्तै कार्यक्रममा विभिन्न निकायका सूचना अधिकारीज्यूहरू, नेपाल पत्रकार महासंघका प्रतिनिधिहरू, सूचनाको हकका अभियन्ताहरू, सञ्चारकर्मीहरु र आयोगका कर्मचारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको शुरुवात राष्ट्रिय गान वाट गरिएको थियो भने कार्यक्रमका प्रमुख अतिथि सम्माननीय सभामुख अग्नि प्रसाद सापकोटाज्यूले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको विधिवत उद्घघाटन गर्नुभएको थियो ।



## स्वागत मन्तव्य : सचिव श्री दिवस आचार्य राष्ट्रिय सूचना आयोग

आयोगका सचिव श्री दिवस आचार्यले उपस्थित सबै सहभागीलाई सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवसको अवसरमा शुभकामना व्यक्त गर्दै स्वागत मन्तव्य व्यक्त गर्नुभएका थियो । स्वागत




मन्तव्यका क्रममा उहाँले नेपालको संविधानको धारा २७ बमोजिम सूचनाको हकलाई कार्यान्वयन गर्न गठीत सूचना आयोगले सूचनाको हकका लागि कार्य गरिरहेको, नेपालको संविधानको धारा २७ मा सूचनाको हकलाई महत्वपूर्ण मौलिक हकका रुपमा स्वीकार गरिएको हुँदा लोकतन्त्रको संस्थागत विकासको लागि राज्यको कामकारवाही र सार्वजनिक सूचनामा नागरिकको सहज पहुँच हुनुपर्छ भन्ने कुरालाई मनन गर्दै नागरिक सुसुचित भए मात्रै नागरिक नियन्त्रित सरकारको विकास हुन सक्छ । सूचनाको हकले शासकीय व्यवस्थामा पारदर्शिता र जवाफदेहिता कायम गर्दै नागरिकको शसक्तिकरणबाट सुशासनको प्रवर्द्धन र लोकतन्त्र सुदृढीकरण भई समृद्धि हुन जान्छ भन्ने तथ्यलाई हृदयंगम गर्दै सं.रा.सं.को ७४औं महासभाले सेप्टेम्बर २८ लाई सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी दिवस मनाउने निर्णय गरेको थियो त्यो भन्दा अगावै २०१५ देखिनै यूनेस्कोले यसलाई दिवसका रुपमा मनाउन शुरु भैसकेको थियो ।  मानव अधिकार र मानव सम्मानको प्रवर्द्धनका लागि सवैलाई र समान रुपमा सूचनाको पहुँच हुनुपर्छ र यसले गरिवी निवारण र समावेशी ज्ञानयुक्त समाजको निमार्णमा मद्दत पुग्ने अपेक्षा गरेको हुन्छ यही अपेक्षा सहित यो दिवस विश्वभर मनाईंदै गरिएको छ । यस वर्ष यूनेस्कोले Artificial Intelligence,e-governance& Access to information: Promotion of Right to information “कृत्रिम बौद्धिकता र विद्युतीय शासन : सूचनाको हकको प्रवर्द्धन सूचनाको हकको प्रचलन” को नारा सहित नेपालमा पनि विभिन्न कार्यक्रम गरि मनाईंदै छ । आजको समय सूचना प्रविधिको समय हो प्रविधिमा आएको रुपान्तरणकारी परिवर्तनले संसारलाई एकै ठाउँमा ल्याएको छ । अझ यो कृत्रिम बौद्धिकताको विकास मानव चेतना स्तरमा पुग्ने आंकलन गरिंदै आएको छ । सार्वजनिक

सेवाको प्रवाहमा विद्युतीय शासन महत्वपूर्ण औजार बन्दै गएको यथार्थलाई सवैले महशुस गरिरहेका छौं यस परिवेशमा सूचनाको सर्वव्यापी पहुँच र सूचनाको हकको प्रभावकारी कार्यान्वयनमा थुप्रै अवसरहरु सृजना भएका छन यिनै अवसरहरुको प्रयोग गर्दै जोखिम र चुनौतीहरुको सामना गर्दै जान यस दिवसले हामी सवैलाई प्रेरणा देओस भन्ने शुभकामना पनि दिनुभयो ।

राष्ट्रिय सूचना आयोग र नेपाल दूरसञ्चार प्राधिकरणको संयुक्त आयोजनामा आयोजित यस गोष्ठीमा युनेस्कोले तयार पारेको सन्देशलाई मध्यनजर गरि तयार पारिएको कार्यपत्र उपर टिप्पणी र सहभागीहरु वीच घनीभूत छलफल हुने अपेक्षा लिएको बताउनु भयो । सूचनाको हक सम्बन्धी ऐन,२०६४ को व्यवस्थाका आधारमा २०६५ साल देखि सूचनाको हकको संरक्षण र सम्वर्द्धन र प्रचलनका लागि आयोगले आफ्नो भूमिका खेल्दै आएको छ यसै सिलसिलामा सूचनाको हकको कार्यान्वयन सम्बन्धी परीक्षणको निरन्तरता स्वरुप गत आ.व. मा प्रदेश स्तरमा गरिएको सूचनाको हकको कार्यान्वयन सम्बन्धी परीक्षण प्रतिवेदन,२०७८को पनि सार्वजनिकीकरण गरिने कुराको अवगत गराउँदै यस राष्ट्रिय गोष्ठीलाई सफल बनाइदिन प्रमुख अतिथि, अतिथिहरु र कार्यक्रममा उपस्थित सम्पूर्णमा अनुरोध गर्दै आफ्नो स्वागत मन्तव्य राख्नु भयो ।

## सूचनाको हकको कार्यान्वयन सम्बन्धी परीक्षण प्रतिवेदन, २०७८ को सार्वजनिकीकरण

सूचनाको हकको माध्यमवाट सुशासन र समृद्धि प्राप्त गर्न सकिन्छ भन्ने विषय विश्वका कयौं विकसित मुलुकहरुले प्राप्त गरेको उपलब्धिबाट सिद्ध भएको छ । अतः सूचनाको हकको प्रयोग गरी सार्वजनिक निकायलाई जिम्मेवार र उत्तरदायी बनाउन यसको कार्यान्वयन पनि उत्तिकै आवश्यक भएकोले आ.व.२०७७/७८ मा गण्डकी प्रदेश,मधेस प्रदेश र वागमती प्रदेशका निकायहरुमा सूचनाको हकको कार्यान्वयनको अवस्थाको परीक्षण गरी तयार पारिएको सूचनाको हकको कार्यान्वयन सम्बन्धी परीक्षण प्रतिवेदन,२०७८को कार्यक्रमका प्रमुख अतिथि सम्माननीय सभामुख अग्नि प्रसाद सापकोटावाट सार्वजनिकीकरण गरिएको थियो ।

## सूचना आयुक्त श्री कमला ओलीबाट सूचनाको हकको कार्यान्वयन सम्बन्धी परीक्षण प्रतिवेदन, २०७८ सम्बन्धमा संक्षिप्तीकरण

राष्ट्रिय सूचना आयोगले विगत वर्षहरुदेखिनै राज्यका केन्द्रीय निकायहरुमा सूचनाको हकको कार्यान्वयनको अवस्थाको वारेमा सूचनाको हकको परीक्षण गर्दै आएकोमा यस वर्ष ३ वटा प्रदेशहरु (गण्डकी प्रदेश, मधेस प्रदेश र वागमती प्रदेश) को सूचनाको हक सम्बन्धी कार्यान्वयनको अवस्थाको परीक्षण गरेको थियो । राष्ट्रिय सूचना आयोग गठन भए पश्चात सूचनाको हकको संरक्षण,प्रवर्द्धन र प्रचलनका लागि गर्नुपर्ने काम प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन र भविष्यमा यस विषयमा गरिनुपर्ने सुधारका लागि अपनाउनु पर्ने उपायहरु पत्ता लगाउने उद्देश्यले सूचनाको हकको परीक्षण शुरु गरिएको थियो । आयोगले




प्रथम पटक प्रदेश स्तरमा गएर सूचनाको हकको प्रचलनको परीक्षणमा प्रदेश स्तरीय प्रायः सवै निकायहरुले सूचना अधिकारी नियुक्त गरेको,स्वतः प्रकाशन सम्बन्धी विवरणहरु वेवसाइटमा राख्ने गरेको , सूचना माग र प्रवाहको छुट्टै अभिलेख राखेको,तालिम केन्द्रहरुले सूचनाको हकको विषयमा तालिम पाठ्यक्रममा राखेको पाइएको छ । प्रदेश स्तरीय सार्वजनिक निकायहरुले राष्ट्रिय सूचना आयोगले दिएको निर्देशन पालना गरेको तथा आदेश र फैसला अनुसार सूचना दिएको पाइएको कुरा व्यक्त गर्नु भएको थियो ।

प्रस्तुत परीक्षणबाट प्रदेश स्तरमा सूचनाको हकको प्रभावकारी कार्यान्वयनवाट खुला,पारदर्शी,जवाफदेही र उत्तरदायी शासन व्यवस्थाको जग बलियो हुने र यो कार्यवाट सुशासन कायम भई लोकतन्त्रको सुदृढीकरण हुने भएकोले नेपालको संविधानले प्रत्याभूत गरेको जनताको मौलिक हकको कार्यान्वयनवाट सरकार प्रति नागरिकको भरोसा बृद्धि हुने र नेपालको साख राष्थिट्रय र अन्तरराष्ट्रिय क्षेत्रमा बृद्धि हुने अपेक्षा गरिएको छ भन्दै प्रदेश स्थापना भएको केही वर्ष भित्रमा नै परीक्षण गरिएका तीनवटा प्रदेशमा प्रदेश स्तरीय निकायहरुले सूचनाको हकको सवर्द्धन र प्रचलनमा भएका कार्यको सराहना गर्दै थप प्रयासहरु

गर्नुपर्ने देखिएको छ र परीक्षण गर्न बाँकी प्रदेशहरु र स्थानीय तहहरुमा पनि आगामी दिनहरुमा क्रमशः सूचनाको हकको कार्यान्वयनको अवस्थाको परीक्षण गरिने बताउनु भयो ।

## कार्यपत्र प्रस्तुती : तारानाथ दाहाल(फ्रिडम फोरम)

सूचनाको हकको ऐतिहासिक विकासक्रम,नेपालको वर्तमान अवस्था, Artificial intelligenceको उपयोगका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्दै RTI लाई e-governance र AI को अहिलेको विकासलाई संगै राखेर विश्वव्यापी रुपमा छलफल गर्ने सं.रा.सं.को निर्णय अनुसार यो दिवस मनाउँदै गरिएको,विश्वका सवै देश र नागरिक समाजलाई यो दिवस यो नारामा मनाउन आव्हान गरे बमोजिम राष्ट्रिय सूचना आयोगले पनि यो कार्यक्रमको आयोजना गरेको, AI र e-governance सूचनाको हक संग कसरी जोडिन आउँछन होला भन्ने सिमित अध्ययन आफूले प्रस्तुत गर्ने कार्यपत्रमा उल्लेख गर्ने प्रयास गरेको बताउनु भयो । सूचना प्रविधिको क्षेत्रको विकासका लागि हाम्रो देशले वनाएका नीतिहरुमा RTI लाई कसरी समाहित गर्न सकिन्छ? सूचनाको हकको इतिहासको दार्शनिक पक्ष धेरै भए पनि विधिशास्त्रको हिसावले हेर्ने हो भने यो स्वीडेनको १७६६ को Freedom of writing and the press नै पहिलो कानूनको रुपमा लिने गरेको र यसैको धरातलमानै सूचनाको हकको अवधारणाहरु विकास हुँदै आएको बताउनु भयो । आज सम्म विश्वका १२९ वटा देशले कानून बनाएर र ९६ वटा देशले संविधानमै मौलिक हकका रुपमा व्यवस्था गरेको, सन् २००६ देखि नेपालमा फ्रिडम फोरमले सूचनाको हक सम्बन्धी यो दिवस मनाउन शुरु गरेको, सन् २०१० देखि सूचना आयोगले पनि यो दिवस मनाउन शुरु गरेको थियो , सूचना प्राप्त भएर मात्र हुन्न सूचनामा आम मान्छेको सर्वव्यापी र सहज पहुँच हुनुपर्छ भन्दै युनेस्कोको साधारण सभाले सन् २०१५ मा यस दिवसलाई Universal access to information day का रुपमा मनाउन थालेको कुरा व्यक्त गर्नुभयो ।



कार्यपत्र प्रस्तुतीकरणका क्रममा सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तरराष्ट्रिय दिवस र यस वर्षको नारा Artificial Intelligence,e-governance& Access to information:Promotion of Right to information "कृत्रिम बौद्धिकता र विद्युतीय शासन : सूचनाको हकको प्रवर्द्धन सूचनाको हकको प्रचलन"मा केन्द्रित भइ सूचनालाई आजकल तथ्यांकहरु माथिको खुला सरकारको रुपमा वकालत हुन थालेको , इन्टरनेट अधिकार हो भन्ने तिर हामी उन्मुख भएको, सरकारलाई बढी र सेवा प्रवाहलाई सहजीकरण गराउने, नागरिक तहमा सरकारका सूचना र तथ्य तथ्यांकहरु खुला र सहज रुपमा कसरी पुऱ्याउने,नागरिकहरुको सहज र सरल सहभागितामा कसरी वृद्धि गर्ने , नागरिक र सरकार बीचको दुरीलाई कसरी कम गर्ने भन्ने तर्फ सरोकारवालाको ध्यान जानु जरुरी रहेको कुरा बताउनु भयो । e-governance को अर्थ र महत्व भन्नाले अवको सरकार चुस्त दुरुस्त(smart) र खुला(open)हुनुपर्छ भन्ने हो , नागरिकलाई अधिकतम रुपमा सूचनाहरु विद्युतीय माध्यमवाट समयमै खुलासा गर्नुपर्ने ,उपलब्ध गराउनुपर्ने कुरा व्यक्त गर्नुभयो ।

Artificial Intelligence को विकासक्रमका रुपमा Theory of mind को विकास, प्रयोग र अभ्यास भइरहेको पाइन्छ यसवाट Self awareness तिर वैज्ञानिकहरु लागि परेका छन । वास्तवमा भन्ने हो भने यो विषय जटिल विषय रहेको बताउँदै AI र e-governance ले enhance मात्र गर्छ की यो कतिको भरपर्दो,विश्वसनीय छ र यसका चुनौती के के छन, AI क्षेत्रलाई कसरी जिम्मेवार वनाउने ? यी सबैका निम्ती हामीले कस्ता कस्ता नीति र कानूनहरु बनाउनु पर्ने छ । हाम्रा प्रविधिहरु हामीलाई प्रवाह गर्ने सेवा सुविधाहरु नीजि क्षेत्रमा जाँदै छ । तीनिहरुले व्यापार मात्र गर्छन कि आम नागरिकको सेवा सुविधा र अधिकार तिर पनि ध्यान दिन्छन भनेर बुझ्नु जरुरी छ। विज्ञानको यो चामत्कारिक विषय प्रति हामी चासो र चनाखो रहँदै व्यापक तयारी गर्देनौं भने हामी पछाडी पर्छौं , प्रविधि संगै हाम्रा नागरिकलाई पनि त्यसको सहि प्रयोग प्रति सक्षम बनाउँदै लैजानु आजको आवश्यकता छ । AI लाई सूचनाक् हक संग जोड्दा अभिलेख व्यवस्थापनको कुरामा ध्यान दिनु जरुरी छ , हाम्रो देशको सवैभन्दा ठूलो समस्या अभिलेख व्यवस्थापन पनि हो । पोकामा आधारित परम्परागत अभिलेख प्रणालीलाई आर्काइभमा AI मार्फत कसरी व्यवस्थापन गर्न सकिन्छ । आम जनताको मागलाई AI मा कसरी समावेश गर्न सकिन्छ भन्ने तर्फ पनि हाम्रो ध्यान जानु जरुरी छ। तथ्यमा आधारित र समयको हिसावले AI का प्रविधिहरुलाई हामीले सहि ढंगले प्रयोग गर्न सक्यौं भने सूचनाको हकको उद्देश्यलाई यसले

परिपूर्ती गर्न सक्छ । AI ले मान्छेले भन्दा छिटो, विश्वसनीय र तथ्य परक काम गर्ने हुन्छ यसले संधै काम गर्ने हुँदा यो हाम्रो लागि ठूलो उपलब्धि हो । अर्कातिर अधिकारवादीहरुले यसलाई व्यक्तिको गोपनीयतालाई हनन पो गर्ने हो की भनेर पनि लिएका छन , संसारभरी Ethical and safe AI को वहस पनि भैरहेको छ ।

e-governance मार्फत सेवा प्रवाह गर्दा यसलाई विद्युतीय सुशासन तर्फ,शिक्षा, स्वास्थ्य,कृषि आदिलाई प्रविधि संग जोड्न जरुरी छ । प्रविधिको विकासलाई खाली भौतिक विकास हो भन्ने तर्फ मात्र नसोची यो सूचना प्रविधिको विकास हो भन्ने कुरा बुझ्नु जरुरी छ । उहाँले प्रस्तुतीका क्रममा Digital Nepal frame work ले सूचना र तथ्यांकको पाटोलाई भुलेको तथ्य प्रस्तुत गर्दै यसमा पुनरावलोकन हुनु जरुरी छ भन्नुभयो । हामीले Digital Nepal को कुरा गर्ने , e-governance को कुरा गर्ने, Open government को कुरा गर्ने, Technology को कुरा गर्ने तर Right to information जान्दैनौं भने जग विनाको वहस गरे जतिकै हुन्छ भन्नु भयो ।

अन्तमा, सूचनाको हक सम्बन्धी ऐन,२०६४ बने पछि देश संघीयतामा गैसकेकोले स्वतः प्रकाशन, सूचनादाताको संरक्षण,format of information को कुरा गर्दा सूचना प्रविधिको विकास संगै अहिलेको परिप्रेक्षलाई समेट्ने गरि सूचनाको हक सम्बन्धी कानूनको पुनरावलोकन हुनु जरुरी छ । AI र e-governance हाम्रो चिन्तनको विषय हुनु जरुरी छ , e-governance लाई स्थानीय तह देखि राज्यका तीनै तहमा प्रवर्द्धन गर्नु जरुरी छ । सूचना आयोगले मात्र यो दिवस मनाउनु पर्ने उसको मात्र जिम्मेवारी हो जस्तो गरेर राज्य पन्छिन खोजेको आभास भएको छ ,त्यस्तै दीगो विकास लक्ष्यको १६.१० मा भएको व्यवस्थालाई पनि राज्यले आत्मसाथ गर्न खोजेको देखिदैंन । इन्टरनेट सेवा सवैका लागि सर्वसुलभ, गुणस्तरीय र निःशुल्क हुनुपर्छ । RTI को मुख्य उद्देश्य भनेको पारदर्शी,उत्तरदायी र भ्रष्टाचार मुक्त सरकार सृजना गर्ने हो जसका लागि सुशुचित र शसक्त नागरिकको आवश्यकता हुन्छ भन्दै आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

**टिप्पणीकर्ता**

**सह सचिव अनिल कुमार दत्त : सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

कार्यपत्र अत्यन्तै सान्दर्भिक रहेको ,कार्यपत्रमा सूचनाको हकको विकासक्रम,यसका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय रुपमा भएका प्रयासहरु,ऐन,नियमहरु आदिका वारेमा चर्चा भएको त्यस्तै AI , Digital Nepal framework, e-governance जस्ता विषयमा कार्यपत्र केन्द्रित रहेको र हाम्रो देशमा पनि सूचनाको हकको अभ्यासको क्रममा म्यानुअल र सिस्टम दुवैवाट सूचना प्रवाहमा अभ्यास भइरहेको , म्यानुअल तर्फ पत्र पत्रिका,नागरिक वडापत्र,सूचना अधिकारी , प्रवक्ता र  गुनासो सुन्ने अधिकारी आदि मार्फत र  सिस्टम मार्फत प्रायजसो सार्वजनिक निकायहरुले आफ्नै वेवसाइट,सामाजिक संजाल, इमेल ,नोटिफिकेशन मार्फत सूचना प्रवाह गर्ने अभ्यास भइरहेको कुरा व्यक्त गर्नुभयो । २०१९ मा Digital Nepal framework आए पछि डाटा सेन्टरको स्थापना,Digital Signature लागु गर्ने,National ID बनाउने कार्य लगायत IT bill, साइवर सुरक्षा सम्बन्धि नीतिको मस्यौदा बनाएर मन्त्रिपरिषदमा पठाइएको, Digital Nepal framework लाई कार्यान्वयनमा ल्याउन विभिन्न समिति तथा उपसमितिहरु बनाएर कार्य अगाडि बढाइएको, इन्टरनेट स्थानीय तहहरु सम्म पुगेपनि द्रुत गतिको इन्टरनेट सेवा नहुँदा सेवा प्रवाहमा छिटो छरितो हुन नसकेको,भारत र चीन संग मात्र इन्टरनेट सुविधा लिन भरपर्नु परेका कारण यो महंगो भएकोले इन्टरनेटको कनेक्टिीभिटीलाई समूद्री सतह सम्म पुऱ्याउने प्रयास भइरहेको कुरा टिप्पणीका क्रममा राख्नु भएको थियो । साथै उहाँले युवाहरु प्रविधिसंगको जानकार भए पनि हाम्रो जनसंख्याको ठूलो हिस्सा अझै पनि यसवाट विमुख छ र हामीले स्मार्ट फोन मार्फत लिन सकिने सुविधाहरुको १0% पनि प्रयोगमा ल्याउन सकेका छैनौ भन्दै देशमै यस क्षेत्रका उत्पादित जनशक्तिलाई यहीं रोजगारको अवसर सृजना गर्न बहुउद्देश्यीय कम्पनीहरुलाई भित्राउने प्रयास जारी रहेको र आम नागरिकले घरमै बसीबसी प्रविधिको प्रयोग गरेर कसरी सेवा लिन सक्छन र उनीहरुलाई कसरी सेवा प्रवाह गर्न सकिन्छ भनेर पनि सरकार लागि परेको कुरा वताउनु भएको थियो ।

**उमिद वागचन: सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष**

सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तरराष्ट्रिय दिवसका अवसरमा प्रस्तुत कार्यपत्र उपर टिप्पणी गर्ने क्रममा उहाँले राज्यले RTI का सम्बन्धमा अझै पनि धेरै कार्य गर्न वाँकी रहेको र राज्यका उपल्लो तहका जिम्मेवार पदाधिकारीहरुले सूचनाको हकका सम्बन्धमा आफूले अनुभव लिएको वाट त्यसलाई सहि ढंगले उत्साह पूर्वक लागू गर्ने दिशामा कन्जुसाईं गर्न नहुने भनाइ राख्नु भयो भने सार्वजनिक निकायले आफ्नो निकायमा सूचना अधिकारीको व्यवस्था गरेपनि त्यो नाम मात्रको व्यवस्था जस्तो छ सूचना अधिकारीहरुलेनै सूचना नपाउने अवस्थाको पनि अन्त्य हुनु जरुरी छ भन्नुभयो । सूचनामा सर्वव्यापी पहुँच

सम्बन्धी अन्तरराष्ट्रिय दिवसका अवसरमा उपस्थित सवैलाई शुभकामना दिंदै यो दिनलाई सूचनाको हकको क्षेत्रको अभियानमा लागेका अभियन्ताहरुले पनि महत्वपूर्ण रुपमा लिएको सूचनाको हकको कार्यान्वयनका लागि  राष्ट्रिय महासंघ सदैव सहकार्य गर्न तयार रहेको र  सूचनाको हकको क्षेत्रमा क्रियाशिल पनि रहँदै आएको छ भन्दै जनताले तिरेको कर बाट जनतालेनै सुविधा पाउनु पर्छ र यसका लागि सूचनाको हकले महत्वपूर्ण भूमिका खेल्ने गर्छ भन्दै सूचनाको हकको सही कार्यान्वयनको परिणाम जव आम नागरिकको मुहारमा हाँसो र खुसी देखिन्छ तव मात्र यसको उपादेयता रहन्छ भन्दै आफ्नो भनाइ राख्नु भएको थियो ।

**<u>खुला छलफल</u>**

**सह सचिव मनोज कुमार आचार्यः प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय**

राष्ट्रिय सूचना आयोगद्धारा आयोजित सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तराष्ट्रिय दिवसका अवसरमा आयोजित यो कार्यक्रम सूचनाको हकको क्षेत्रमा लाग्ने यसका वारेमा केही जान्ने र बुझ्ने अभिलाषा राख्नेहरुका लागि अत्यन्तै फलदायी रहेको , कार्यक्रममा प्रस्तुत कार्यपत्र त्यस्तै सुन्दर,रचनात्मक,अत्यन्त ज्ञानवर्द्धक रहेको भन्दै राष्ट्रिय सूचना आयोगलाई संवैधानिक आयोग बनाइनु पर्ने ,सूचना माग्नेहरुलाई निरुत्साहन गर्न नहुने बरु उनीहरुलाई प्रोत्साहन गर्नुपर्ने तर सूचना माग्नेहरुले दुःख दिने नियतले नभई मागेको उक्त सूचनाले आम नागरिकलाई फाइदा पुगोस र त्यसको प्रयोजन पनि होस भन्ने भनाई व्यक्त गर्नुभएको थियो ।

त्यस्तै मोदनाथ त्रितालः त्रिभुवन विश्वविद्यालय,वीजपाटी डटकमका ईश्वर अर्याल, पत्रकार किरण अधिकारी, सूचना प्रविधि क्षेत्रका विज्ञ मनोहर भट्टराई,हेमपाल श्रेष्ठले सूचनाको हक र सूचना प्रविधि विचको अन्तरसम्बन्ध,अवसर तथा गर्नुपर्ने कार्यहरुका वारेमा सुझाव दिदैं हाम्रा तथ्यांकहरु स्पष्ट र तथ्यपरक हुनुपर्ने, तथ्यांक र व्यक्तिका व्यक्तिगत विवरणहरुको दुरुपयोग हुने सम्भावनाहरुलाई कसरी हटाउने वा कम गर्ने भन्ने दिशामा हाम्रो ध्यान जानु जरुरी रहेको, AI लाई RTI मा कसरी सुरक्षित गर्न सक्छौ त्यो दिशामा पनि सोच्नु जरुरी रहेको र प्रविधिको सहि सदुपयोग गर्ने र दुरुपयोग हुन वाट जोगाउन प्रविधि प्रतिको उत्तरदायित्व कसरी बनाउने भन्ने तर्फ सचेत र सजग हुनु पर्दछ भन्नु भएको भन्ने कुरा राख्नु भएको थियो ।

**<u>मन्तव्य :  श्री शंकर नेपाल,  महानिर्देशक सूचना प्रविधि केन्द्र</u>**

अहिलेको विश्वमा सूचना प्रविधिको क्षेत्रमा भइरहेको छिटोछिटो फेरवदलका कारण हाम्रा तथ्यांकहरुलाई कसरी ह्याण्डलिङ्ग गर्ने र हामीले प्रविष्टी गरेका तथ्यांकहरु सत्यतथ्यमा आधारित हुनुपर्ने र ती तथ्यांकहरु सही र पूर्ण नहुँदा समस्या आउने हुँदा जनचेतना र सूचना प्रविधि संगै संगै जानु पर्ने भनाई राख्नु भयो । AI देखि RTI सम्म जाँदा तथ्यांकहरुलाई कसरी सही ढंगले प्रयोग गर्न सकिन्छ त्यो चुनौती हाम्रा



अगाडि छ भने अर्कातिर शहरको जनसंख्या र गाउँको जनसंख्या, सूचना प्रविधि को दुवैमा पहुँचको अवस्था, सक्ने र नसक्ने वीचको खाडल र दुरीलाई पनि हामीले हटाउँदै लैजानु पर्ने आजको टड्कारो आवश्यकता रहेको छ । त्यस्तै हाम्रा व्यक्तिगत तथ्यांकहरुमा कसरी गोपनीयता कायम गर्न सकिन्छ भन्ने चुनौतीलाई चिर्नु पनि उत्तिकै खाँचो रहेको भनाइ राख्नु भएको थियो । उहाँले अहिले सूचना प्रविधिको जुन रुपमा विकास भइरहेको छ त्यसलाई उपयोग गरेर सूचनाहरु सकेसम्म छिटो छरितो र सर्वसुलभ ढङ्गवाट आम नागरिकको तहसम्म पुग्न सकोस , सूचना र सही समाचारहरु सही समयमा पुगोस त्यसका लागि पूर्वाधारहरुको विकास गर्न जरुरी भएको र सही सूचना सवैसम्म पुऱ्याउनका लागि सवैको सहकार्य आवश्यक छ । नेपाल डिजिटल युगमा प्रवेश गरेको भनेर दावी गरिरहँदा डिजीटल प्रविधिको उपयोग वा दूरुपयोगवाट के कस्ता परिणामहरु देखा परेका छन र दूरुपयोगहरुलाई रोक्नका लागि कस्ता कदमहरु चाल्नु पर्छ भन्ने विषयमा सरोकारवालाहरु संग छलफल समेत चलिरहेको भनाइ राख्नु भयो । सरकारी र नीजि क्षेत्रको संयुक्त भूमिकावाट मात्र सही सूचना सर्वसाधारण माझ पुऱ्याउन नीतिगत र प्रक्रियागत भूमिका निर्वाह गर्न मन्त्रालय तत्पर रहेको कुरा व्यक्त गर्नुभएको थियो ।

**<u>अर्जुन घिमिरे निमित्त प्रमुख , नेपाल दूरसञ्चार प्राधिकरण</u>**

कार्यक्रममा प्रस्तुत कार्यपत्र ज्यादैनै फलदायी रहेको, यस्ता कार्यक्रमहरु दिवसका दिन पारेर मात्र नभइ अन्य समयमा पनि गर्न सकेमा ज्यादै उपयुक्त हुने । प्रविधिको विकासको लागि पूर्वाधार महत्वपूर्ण कुरा हो प्रविधि मार्फत आएका सेवा सुविधालाई आमजनता माझ लैजान प्राधिकरणले आफूलाई ऐनले दिएको अधिकार प्रयोग गर्दै नीजि क्षेत्र मार्फत पूर्वाधार विकासको लागि हरदम प्रयास गरी कार्य गरिरहेको यसै सिलसिलामा २३ वटा नेटवर्क सेवा प्रदायकहरुलाई अनुमति पत्र प्रदान गरिएको, ६ वटा निजी क्षेत्रहरुलाई Voice सेवा सञ्चालनका लागि अनुमति प्रदान गरिएकोमा हाल ३ वटाले सेवा सञ्चालन गरिरहेको, १३८ वटा इन्टरनेट सेवा प्रदायकहरुलाई अनुमति दिएकोमा ती मार्फत सेवा सञ्चालन हुँदै आएको छ । पूर्वाधारको विकास तर्फ हेर्ने हो भने ८००० भन्दा बढी टावर निमार्ण भएको , पूर्वी तराइमा अप्टीकल फाइवर ओछ्याइएको र मध्यपहाडी लोकमार्गमा अप्टीकल फाइवर ओछ्याएर व्याकबोण्ड बनाउने कार्य भएको । विश्वभर उपलब्ध नवीनतम प्रविधिको सहज उपयोगको वातावरण तयार पार्न,ग्रामिण क्षेत्रमा रहेका आम मानिसले समेत सुलभ दरमा गुणस्तरीय सेवा उपभोग गर्न सक्ने वातावरण तयार पार्न तथा सेवाको अनुचित प्रयोगवाट हुन सक्ने अपराध/विकृति रोक्न पनि प्राधिकरणले भूमिका निर्वाह गर्दै आएको बताउनु भयो ।



<u>**प्रमुख अतिथि राष्ट्रिय सभाका सम्माननीय सभामुख अग्नीप्रसाद सापकोटा**</u>

सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तरराष्ट्रिय सूचना दिवसको अवसरमा राष्ट्रिय गोष्ठीमा आफूलाइ प्रमुख अतिथिका रुपमा आमन्त्रण गरेकोमा आयोग प्रति आभार ब्यक्त गर्दै द्रुत गतिमा हाम्रा अगाडि आएका सूचना प्रविधिहरु प्रति हामी जानकार भएमा मात्र सफल जीवन जीउन सक्छौं भन्नु भयो । कार्यक्रममा प्रस्तुत कार्यपत्र ज्यादै महत्वपूहर्ण रहेको र आजको परिप्रेक्षमा सवै कुरा समेटिएको हुनाले कार्यपत्रको सारसंक्षेप,संष्लेषण आफूलाई उपलब्ध गराइदिन र आफूले पनि भोलीका दिनमा केही गर्नका लागि कार्यपत्रलाई संसदमा स्थापित गर्नका लागि सक्दो प्रयास गर्ने कुरा व्यक्त गर्नुभयो । प्रविधिको विकासलाई सही ढङ्गले प्रयोग गर्न सकेमा विश्वमा आइरहेको जलवायु परिवर्तनवाट उत्पन्न हुने जोखिमलाई पनि न्यूनीकरण गर्न सकिने, यसको सही प्रयोग गर्न सकेमा चामत्कारिक परिवर्तन गर्न सकिने कुरामा दुईमत नहुने भनाइ राख्नु भएको थियो । प्रविधिमा आएको विकास संगै दर्शन, विचार र सिद्धान्तमा




समेत वहस हुन जरुरी रहेको अन्त्यमा हामीलाई अगाडि बढाउने भनेकै विचारले, दर्शनले र विज्ञानलेनै हो । हामी विख्यात वैज्ञानिक नबने पनि हाम्रा सोच्न सक्ने स्थितिमा फराकिलो पन आउनु जरुरी छ आधुनिक । प्रविधि र विज्ञानमा अनभिज्ञता हाम्रो लागि लज्जाको विषय रहेको विचार व्यक्त गर्नु भयो । प्रविधिको विकासले नयाँ नयाँ चुनौतीहरु ल्याएका छन ती चुनौतीहरु संग सामना गर्न हामीले आफूलाई तिखार्दै लानु पर्छ भन्नु भयो । हाम्रा अध्ययन अनुसन्धान र तथ्याङ्कको कुरा गर्ने हो भने जुन प्रकारले विश्वमा प्रविधिको विकास भइरहेको छ त्यसको तुलनामा हाम्रो स्थिति दयनीय रहेको छ । Artificial Intelligence का वारेमा धेरै छलफल हुन सकिरहेको छैन ,यसमा हामी अगाडी बड्न सकिरहेका छैनौं यस प्रतिको अनभिज्ञता ले हामी असान्दर्भिक हुने खतरामा छौं , यो विषय प्रवचन दिए जस्तो विषय पक्कै होइन । कानून भनेको चेतना हो ,परिस्थितिको उपज हो, यो विकासको द्योतक हो भन्नुभयो । अन्तमा

सूचना जति दियो ,जसले दियो त्यो त्यत्तिकै फाइदाजनक हुने र शक्तिशाली हुने भनाइ राख्नु हुँदै प्रविधि संगै पूर्वाधारहरुको विकास गरेमा मात्र हामी सम्पन्न र समृद्धशाली हुन सक्छौं, यसो गर्दा पछि कुनै समस्या आउँछ की भनेर शुरुवाती अवस्थामानै सचेत हुँदै राज्यको क्षमता बढाउनु पर्छ र राज्यका तीनै निकायमा रहनेहरुको इच्छाशक्ति र नियत सफा भएमा हामी सवै चुनौतीहरुलाई परास्त गर्न सक्छौं भन्दै कार्यक्रमका सहभागिहरु, कार्यपत्र प्रस्तुतकर्ता, टिप्पणीकर्ता आदि सवैप्रति आभार व्यक्त गर्दै आफ्नो भनाइ अन्त्य गर्नुभएको थियो ।

**<u>अध्यक्षको समापन मन्तव्य : श्री महेन्द्रमान गुरुङ, प्रमुख सूचना आयुक्त, राष्ट्रिय सूचना आयोग</u>**

प्रमुख सूचना आयुक्तज्यूवाट नेपाल दूरसञ्चार प्राधिकरण र आयोगको संयुक्त आयोजनामा आयोजित राष्ट्रिय गोष्ठीका प्रमुख अतिथि, अतिथि लगायत सम्पूर्ण सहभागीहरुलाई उपस्थितिका लागि हार्दिक धन्यवाद व्यक्त गर्दै सूचना माग्न र सूचना माग्नका लागि सवैलाई उत्प्रेरित गर्न जरुरी रहेको, सूचनाको




हक कसरी आयो, अहिले यो कुन अवस्थामा छ, किन आज यो दिन मनाईदै छ भन्ने थुप्रै कुरा पूर्ववक्ताहरुवाट आइसकेकोले यस तर्फ चर्चा गरिरहनु नपर्ने बताउँदै विश्वका १३२ भन्दा बढी राष्ट्रहरुमा सूचनाको हक सम्बन्धी कानुन कार्यान्वयनमा आइसकेको र नेपाल समेत सदस्य रहेको सं.रा.सं.ले घोषणा गरेको यो दिन सूचनाको हकको क्षेत्रमा लागि पर्नेहरुका लागि महत्वपूर्ण दिनका रुपमा रहेको भनाइ राख्नु भयो । नागरिकको हकलाई बलियो बनाउने माध्यमहरु संविधानमा राखेर, कानून बनाएर, प्रतिवद्धता व्यक्त गरेर यसको पालना गरेर, यो दिवसलाई अन्तरराष्ट्रिय रुपमा मनाएर यस क्षेत्रमा लागि परेका थुप्रै संस्थाहरुले यो दिवस विश्वभर मनाइरहेका छन र नेपालमा पनि यो दिवस मनाईंदै गरिएको छ भन्नु भयो । शिक्षित ,चेतनशिल नागरिक र कर्मचारीहरुले समेत पनि सूचना नपाइरहेको गुनासाहरु आइरहेको आजको अवस्थामा आयोग लगायत यो क्षेत्रमा कार्यरत संस्थाहरु नगरिक तहमा

अझै पनि पुग्न नसकेको अवस्था विद्यमान रहेको छ । २०४७ सालको संविधानमै सूचनाको हकको व्यवस्था भए पनि राजनीतिक दल र त्यसका प्रतिनिधिहरु, आमनागरिक सवैको योगदानको प्रतिफल स्वरुप २०६२/६३ को जनआन्दोलन पश्चात सूचनाको हक सम्बन्धी ऐन, २०६४ आएको र नेपालको संविधान २०७२ को धारा २७ मा सूचनाको हकलाई मौलिक हकको रुपमा राखिएको स्मरण गराउँदै प्रमुख सूचना आयुक्तज्यूले कानूनको कार्यान्वयन गर्दै जाँदा चुनौतीहरु आउने र चुनौतीहरुलाई सामना गर्दै जानुपर्ने कुरा व्यक्त गर्नुभयो । डिजिटल नेपाल फ्रेमवर्कलाई सूचना प्रविधियुक्त बनाउने र Artificial Intelligence,e-governance ले थुप्रै अवसरहरु ल्याउने र यसको सदुपयोग भने गर्न जान्नु पर्छ भन्नु भयो ।

आयोगले पनि आयोगमा आउने पुनरावेदनहरुलाई मात्र हैन सूचना माग्दा पनि अनलाइन प्रणालीमा जाने प्रयास गर्दै गरेको छ । नेपाल दूरसञ्चार प्राधिकरणको सहयोगमा ९००० भन्दा बढी पुनरावेदनका फाइलहरु र त्यसका १ लाख भन्दा बढी पेजहरुलाई Digitization गरि सकिएको र यसलाई सवैले हेर्न सक्ने गराउने प्रयासमा समेत आयोग लागिरहेको छ भन्नुभयो । सूचना माग्ने क्रम स्थानीय तहहरुमा बढेको, आयोगमा आउने पुनरावेदनहरुको संख्यालाई हेर्ने हो भने ८०% पुनरावेदन स्थानीय तह संग सम्बन्धित रहेको यथार्थ वताउनु भयो । त्यस्तै आयोगले प्रदेश तहमा गरेको सूचनाको हकको कार्यान्वयन सम्बन्धी परीक्षण प्रतिवेदन, २०७८ को सम्माननीय सभामुखज्यूवाट सार्वजनिकीकरण भएकोमा सभामुखज्यूप्रति आभार व्यक्त गर्दै आगामी दिनमा आयोगको स्रोत साधनले भ्याए सम्म यस्तो प्रतिवेदन स्थानीय तहको पनि तयार पार्न पहल गर्ने कुरा व्यक्त गर्नु भयो ।

नेपाल सरकारले ल्याएको डिजिटल नेपाल फ्रेमवर्कले सूचनाको हकलाई कसरी चासोका साथ लिन्छ र त्यसलाई अभिलेखिकरण कसरी गर्न सकिन्छ भन्ने दिशा तर्फ पनि ध्यान दिनु जरुरी रहेको वताउनु भयो । Artificial Intelligence प्रणाली भित्र नागरिकका व्यक्तिगत विवरणहरु र त्यसको दूरुपयोग हुन वाट रोक्नलाई गोपनीयताको कुरालाई कसरी सुरक्षित राख्ने त्यसको नियमन सरकारले कसरी गर्ने भन्ने कुरा तर्फ पनि समयमै ध्यान दिइ त्यसतर्फ लाग्नु जरुरी छ भन्नु भयो । अन्तमा प्रमुख सूचना आयुक्तज्यूवाट आफू संग सम्बन्धित जिज्ञासाको जवाफ दिंदै आयोगलाई संवैधानिक बनाउनु आवश्यक भएको तर त्यसलाई मूर्त रुप दिने काम जनप्रतिनिधिहरुको र विधायिकाको भएको बताउनु भयो । सूचना माग्ने लाई मात्र होइन सूचना दिनेलाई पनि प्रशिक्षित गराउँदै लानुपर्ने , सामान्य नागरिकले सूचना दूरुपयोग गर्छन भन्ने आफूलाई नलागेको र यदि त्यसो गरेको प्रमाणित भएमा आयोग कानून बमोजिम

कारवाही गर्न तयार रहेको तसर्थ नागरिकले मागेको सूचनालाई सकारात्मक हिसावले लिइदिन आग्रह गर्नुभयो । आयोगले सूचनादाताको संरक्षण सम्बन्धी नियमावलीको आवश्यकता ठानेर त्यसको मस्यौदा तयार पारि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पेश गरेको जानकारी समेत कार्यक्रमका सहभागिहरुलाई गराउनु भयो । अन्तमा कार्यक्रममा उपस्थित सवैलाई कार्यक्रम सफल बनाउन सक्रिय सहभागिता जनाउनु भएकोमा धन्यवाद् व्यक्त गर्दै सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तरराष्ट्रिय दिवसको शुभकामना दिंदै कार्यक्रम समापन गर्नुभएको थियो ।

**कार्यक्रममा सहभागी संख्या र खर्च भएको रकम**

**कार्यकममा सहभागि**

महिला- ४० जना

पुरुष- १०५ जना **जम्मा १४५** जना

**आयोगको विनियोजित वजेट :२ लाख**

आयोगवाट भएको खर्च रकम – रु,८९,०००।–

नेपाल दूरसञ्चार प्राधिकरणको तर्फवाट खर्च रकम– रु,४,७३,३३४।–